श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३३ सालको ऐन नं. २४

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

लागू औषधलाई नियन्त्रण गर्न बनेको ऐन

प्रस्तावना:– सर्वसाधारण जनताको सदाचार, स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्नको लागि लागू औषधको खेती, उत्पादन, निर्माण, खरीद-बिक्री, सञ्चय, ओसार-पसार, सेवन तथा निकासी-पैठारी समेतमा नियन्त्रण गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

परिच्छेद–१

प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ:– (१) यस ऐनको नाम "लागू औषध (नियन्त्रण) ऐन, २०३३" रहेको छ ।

(२) यस ऐनको विस्तार नेपाल अधिराज्यभर हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. <u>ऐनको बहिर्क्षेत्रीय प्रयोगः–</u> (१) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम वा आदेशको विरूद्ध हुने गरी नेपाल अधिराज्यबाट वा नेपाल अधिराज्यभित्र कुनै लागू औषध निकासी वा पैठारी गरी विदेशमा बसी व्यापार गर्ने नेपाली नागरिक वा विदेशीलाई समेत यो ऐन लागू हुनेछ ।

(२) उप-दफा (१) बमोजिम काम कारवाई गर्ने व्यक्तिलाई निजले सो काम कारवाई नेपाल अधिराज्यभित्र गरेको सरह मानी यस ऐनबमोजिम कारवाई र सजाय गरिनेछ ।

३. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "लागू औषध" भन्नाले–

(१) गाँजा,

(२) औषधोपयोगी गाँजा,

(३) अफीम,

(४) तैयारी अफीम,

(५) औषधोपयोगी अफीम,

(६) कोकाको झार र पात, र

(७) श्री ५ को सरकारले समय-समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएका प्राकृतिक वा कृत्रिम लागू औषध तथा मनोदीपक पदार्थ (साइकोट्रपिक्स सब्स्टान्स) र तिनको लवणहरू तथा अन्य पदार्थ समेत सम्झनुपर्छ ।

(ख) "गाँजा" भन्नाले निम्नलिखित पदार्थहरू सम्झनुपर्छः–

(१) भाँग र सिद्ध समेत गाँजा मूलको जुनसुकै बोटको पात र फूल,

(२) चरेस तथा गाँजाको बोटबाट प्राप्त गरिएको प्राकृतिक खोटो, लिस्सा र चोब,

(३) माथि उल्लेख गरिएको मध्ये कुनै पदार्थ भएको सार, निस्सार, निष्कर्ष, मिश्रण तथा पेय ।

(ग) "औषधोपयोगी गाँजा" भन्नाले गाँजाको निस्सार वा निष्कर्ष सम्झनुपर्छ ।

(घ) "अफिम" भन्नाले अफीमको फूलको जमेको रस सम्झनुपर्छ ।

(ङ) "तयारी अफीम" भन्नाले सेवन गर्नको लागि तयार गरिएको अफीम र धूम्रपान गरी सकेपछिको अफीमको खार समेत सम्झनुपर्छ ।

(च) "औषधोपयोगी अफीम" भन्नाले औषधीको प्रयोजनको लागि कुनै विधि पुऱ्याई तयार गरिएको कुनै रूपको अफीम सम्झनुपर्छ ।

(छ) "कोकाको झार र पात" भन्नाले सिंगल कनभेन्शन अन नार्कोटिक ड्रग्स, १९६१ मा परिभाषा गरिएबमोजिम एरिथ्रक्सिलोन मूलको जुनसुकै जातको झार र पात सम्झनुपर्छ ।

634

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) "तयारी" भन्नाले एक वा एकभन्दा बढी लागू औषधको मात्राको रूपमा तयार गरिने ठोस वा तरल मिस्रण सम्झनुपर्छ ।

(झ) "उत्पादन" भन्नाले गाँजाको बोटबाट गाँजा, भाँग, सिद्ध वा चरेस झिक्ने र कोकाको झारबाट पात झिक्ने काम सम्झनुपर्छ ।

(ञ) "निर्माण" भन्नाले उत्पादन गर्ने कार्यबाहेक लागू औषध निकाल्ने सबै किसिमको विधि सम्झनुपर्छ र यस शब्दले लागू औषध प्रशोधन गर्ने एक लागू औषधलाई अर्को लागू औषधमा परिणत गर्ने वा औषधको निमित्त बाहेक लागू औषध तयार गर्ने विधि समेत जनाउँछ ।

(ट) "औषध नियन्त्रण अधिकारी" भन्नाले दफा २१ बमोजिम श्री ५ को सरकारले नियुक्ति गरेको अधिकारी सम्झनुपर्छ ।

(ठ) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियम वा जारी गरिएको आदेशमा "तोकिएको वा तोकिएबमोजिम" सम्झनुपर्छ ।

## परिच्छेद–२

## निषेध र नियन्त्रण

४. निषेध गरिएका कार्यहरू: कुनै पनि व्यक्तिले देहायका कार्यहरू गर्न हुँदैन:–

(क) गाँजा, अफीम वा कोकाको खेती गर्न,

(ख) गाँजा, अफीम, कोकाको पात वा अन्य लागू औषधको उत्पादन गर्न,

(ग) लागू औषधको निर्माण वा तैयारी गर्न,

(घ) लागू औषधको बिक्री-वितरण गर्न,

(ङ) लागू औषधको निकासी वा पैठारी गर्न, र

(च) लागू औषधको खरीद गर्न, सञ्चय गर्न, राख्न, सेवन गर्न वा ओसार–पसार गर्न ।

तर,

(१) नेपाल अधिराज्यको पश्चिमी पहाडी भेगमा प्राकृतिक रूपमा आफै उम्रने जङ्गली गाँजाको बोटबाट तोकिएको समयसम्मको लागि चरेस उत्पादन गर्न, त्यस्तो चरेस संग्रह गर्न, राख्ने र खरीद-बिक्री गर्ने सम्बन्धमा श्री ५ को सरकारले नियम बनाई व्यवस्था गर्न सक्नेछ र सो अनुसार अनुमतिपत्र प्राप्त गरी कसैले कुनै काम गर्दा यस दफाअन्तर्गत अपराध गरेको मानिनेछैन ।

(२) प्रतिबन्धात्मक वाक्यांश (१) बमोजिम दिइने अनुमतिपत्रको तरीका, त्यस्तो अनुमतिपत्रको ढाँचा र शर्त, अनुमतिपत्र दिने अधिकारी, त्यसमा लाग्ने दस्तूर, अनुमतिपत्रबमोजिम गरिने कामउपरको अरू नियन्त्रण र व्यवस्था तोकिएबमोजिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. निषेध लागू नहुने: यस ऐनका अन्य दफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका व्यक्तिहरूले देहायका अवस्थामा लागू औषधको सेवन गर्न निषेध भएको मानिनेछैन:–

(क) औषधोपचारको निमित्त स्वीकृत चिकित्सकको सिफारिशमा कुनै व्यक्तिले अनुमतिपत्र प्राप्त पसलबाट सिफारिशबमोजिमको मात्रामा लागू औषध खरीद गरी सेवन गर्न,

(ख) तोकिएको वर्गका व्यक्तिले तोकिएको मात्रामा लागू औषध सेवन गर्न ।

६. श्री ५ को सरकार वाध्य नहुने: श्री ५ को सरकारले वा श्री ५ को सरकारबाट विशेष अनुमतिपत्र प्राप्त गरी श्री ५ को सरकारको पूर्ण निर्देशन र नियन्त्रणमा रही श्री ५ को सरकारको तर्फबाट कुनै संस्थाले औषधी वा वैज्ञानिक अनुसन्धानको प्रयोजनको लागि कुनै लागू औषधको खेती गर्न, तयार गर्न, उत्पादन गर्न, निर्माण गर्न वा निकासी-पैठारी गर्न वा स्वीकृत चिकित्सकको सिफारिशबमोजिम कसैलाई लागू औषध बिक्री गर्न यस ऐनमा लेखिएका कुनै कुराले बाधा पुऱ्याएको मानिनेछैन ।

७. वारेण्ट जारी गर्ने अधिकारी: यस ऐनअन्तर्गत सजाय हुने अपराध कसैले गरेको छ वा गर्न लागेको छ भन्ने विश्वास पर्ने कारण भएमा त्यस्तो व्यक्तिको गिरफ्तारी र खानतलासीको निमित्त औषध नियन्त्रण अधिकारीले वारेण्ट जारी गर्न सक्नेछ । औषध नियन्त्रण अधिकारीले कुनै घर, जग्गा, सवारी वा अन्य कुनै ठाउँमा त्यस्तो अपराधसित सम्बन्धित कुनै व्यक्ति लुकेको छ वा कुनै लागू औषध राखिएको छ भन्ने आफूलाई विश्वास भएमा त्यस्तो घर, जग्गा, सवारी वा ठाउँको खानतलासी गर्नको निमित्त आदेश जारी गर्न सक्नेछ ।

८. विनावारेण्ट प्रवेश, खानतलाशी, कब्जा र गिरफ्तार गर्ने अधिकार : (१) यस ऐनअन्तर्गतको कुनै अपराध कुनै घर, जग्गा, सवारी वा ठाउँमा भइराखेको छ र तुरुन्तै केही कारवाई नगरेमा अपराधी भागी जाने वा अपराधको प्रमाण गायब हुने सम्भावना देखेमा औषध नियन्त्रण अधिकारीले सो कुराको पर्चा खडा गरी जुनसुकै बखत देहायका कामहरू गर्न सक्नेछ :–

(क) त्यस्तो घर, जग्गा, सवारी वा अन्य कुनै ठाउँमा प्रवेश गर्नु,

(ख) त्यसरी प्रवेश गर्दा कुनै बाधा विरोध भएमा ढोका फोरी प्रवेश गर्न वा त्यस्तो बाधा विरोध हटाउन आवश्यक कारवाई गर्ने,

(ग) अपराधसित सम्बन्धित लागू औषध र अन्य सामानहरू तथा प्रमाणको लागि काम लाग्ने जुनसुकै कागजपत्र कब्जा गर्ने, र

(घ) अपराध गरेको भनी शङ्का लागेको जुनसुकै व्यक्तिलाई रोक्न, खानतलासी लिन र आवश्यक देखेमा निजलाई गिरफ्तार समेत गर्ने ।

(२) उप-दफा (१) बमोजिम कुनै घर, जग्गा, सवारी वा अन्य कुनै ठाउँमा प्रवेश गर्दा वा खानतलासी गर्दा समयले भ्यायसम्म सम्बन्धित नगर पञ्चायत वा गाउँ पञ्चायत वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वडा समितिका एक जना सदस्य वा त्यस ठाउँको एकजना भलादमी वा कुनै अर्को सरकारी कार्यालयका एक जना कर्मचारीलाई साक्षी राखी गर्नु पर्नेछ ।

९. गिरफ्तारी र कब्जाको प्रतिवेदन दिनु पर्ने: यस ऐनअन्तर्गत कसैलाई गिरफ्तार गरेको वा कुनै व्यक्ति, घर, जग्गा, सवारी वा अन्य कुनै ठाउँको खानतलासी गरेको वा लागू औषध वा अन्य सामान कब्जा गरेकोमा औषध नियन्त्रण अधिकारीले त्यस्तो प्रतिवेदन आफूभन्दा एक तह माथिको अधिकारी समक्ष सो गिरफ्तारी, खानतलासी वा सामान कब्जा गरेको चौबीस घण्टाभित्र पठाउनु पर्नेछ ।

१०. गिरफ्तार गरिएको व्यक्ति र कब्जा गरिएको सामान मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्ने : यस ऐनअन्तर्गत औषध नियन्त्रण अधिकारीले गिरफ्तार गरिएको व्यक्ति र कब्जा गरेको सामानहरू बाटोको म्यादबाहेक गिरफ्तार वा कब्जा गरिएको चौबीस घण्टाभित्र अदालतमा उपस्थित र दाखिल गर्नु पर्नेछ ।

११. लागू औषध नष्ट गर्न औषध नियन्त्रण अधिकारीले आदेश दिन सक्ने : यस ऐनको विरूद्ध हुने गरी कुनै जग्गामा गाँजा, अफीम वा कोकाको खेती भइराखेको वा दफा ४ बमोजिम छूट भएको क्षेत्रमा बाहेक आफै उम्रिराखेको फेला परेमा औषध नियन्त्रण अधिकारीले त्यस्तो गाँजा, अफीम वा कोकाको झार उखेली वा अन्य प्रकारले नष्ट गर्न वा सो गर्न आदेश दिन सक्नेछ ।

१२. प्रमाणको भार : कुनै व्यक्तिका साथमा कुनै लागू औषध भएको फेला परेमा वा निजले खेती गरेको जग्गामा गाँजा, अफीम वा कोकाको खेती भइरहेको वा सो भएको कुराको प्रमाण फेला परेमा वा कुनै लागू औषधको निर्माण वा उत्पादनको निमित्त चाहिने केही विधि पुगिसकेको कुनै पदार्थ फेला परेमा वा कुनै पदार्थबाट लागू औषध उत्पादन गरिएपछि सो पदार्थको बाँकी रहेको केही कसर निजको साथमा राखिएको फेला परेमा त्यस्तो पदार्थ निजले यो ऐन र यस ऐनअन्तर्गत बनेको नियम वा जारी गरिएको आदेशबमोजिम प्राप्त गरेको वा राखेको हो भन्ने कुराको प्रमाण निजैले पेश गर्नु पर्नेछ । त्यस्तो प्रमाण पेश गर्न नसकेमा र अन्यथा प्रमाणित भएमा बाहेक निजले यस ऐनअन्तर्गत सजाय हुने अपराध गरेको मानिनेछ ।

१३. अपराध मानिने : कसैले दफा ४ अन्तर्गत निषेध गरिएको कुनै काम गरेमा निजले यस ऐनअन्तर्गत सजाय हुने अपराध गरेको मानिनेछ ।

## परिच्छेद--३

## दण्ड सजाय

१४. निषेध गरिएका कार्यहरू गर्नेलाई सजाय : दफा ४ अन्तर्गतको अपराध गर्ने व्यक्तिलाई अपराधको मात्राअनुसार देहायबमोजिमको सजाय हुनेछ :–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) दफा ४ को खण्ड (क) र (ख) अन्तर्गतको अपराध गर्ने व्यक्तिलाई एक वर्षदेखि तीन वर्षसम्म कैद र पच्चीस हजार रूपैयाँसम्म जरीवाना,

(ख) दफा ४ को खण्ड (ग), (घ) र (ङ) अन्तर्गको अपराध गर्ने व्यक्तिलाई तीन वर्षदेखि चौध वर्षसम्म कैद र एक लाख रूपैयाँसम्म जरीवाना, र

(ग) दफा ४ को खण्ड (च) अन्तर्गतको अपराध गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रूपैयाँसम्म जरीवाना वा दुबै सजाय,

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "अपराधको मात्रा" भन्नाले लागू औषधको प्रकृति, परिमाण, सञ्चय, खरीद-बिक्री, ओसार-पसार वा निकासी-पैठारीको उद्देश्य, अभियुक्तको गिरोह वा संगठन समेतको आधारमा निर्धारण गरिने अपराधको मात्रा सम्झनुपर्छ ।

१५. आफ्नो घर, जग्गा वा सवारीमा निषेध गरिएको काम गर्न अनुमति दिनेलाई सजाय : कुनै घर, जग्गा वा सवारीको धनीले वा त्यसको भोग चलन गर्ने व्यक्तिले जानी-जानी त्यस्तो घर, जग्गा वा सवारीमा दफा ४ अन्तर्गत निषेध गरिएको कुनै कार्य गर्न अनुमति दिएमा निजलाई छ महीनादेखि पाँच वर्षसम्म कैद वा दश हजार रूपैयाँसम्म जरीवाना हुनेछ । घर, जग्गा वा सवारीधनीले नै अपराध गरेकोमा वा अपराध गर्न अनुमति दिएकोमा त्यस्तो घर, जग्गा वा सवारी समेत जफत हुन सक्नेछ ।

१६. बारम्बार अपराध गर्नेलाई थप सजाय : यस ऐन अन्तर्गत एक पटक सजाय पाइसकेको व्यक्तिले पुनः यसै ऐनअन्तर्गत अपराध गरेमा निजलाई त्यस्तो पछिल्लो प्रत्येक पटकको निमित्त तोकिएको सजायमा थप पाँच वर्षसम्म कैद र एक लाख रूपैयाँसम्म जरीवाना हुनेछ ।

१७. अपराध गर्न षडयन्त्र गर्ने, उद्योग गर्ने, दुरूत्साहन गर्ने र मतियार हुनेलाई सजाय : यस ऐनअन्तर्गत सजाय हुने, अपराध गर्ने, षडयन्त्र वा उद्योग गर्ने, त्यस्तो अपराध गर्न अरूलाई दुरूत्साहन गर्ने वा त्यस्तो अपराध गर्नमा मतियार हुने व्यक्तिलाई सोही अपराध गरेबापत हुने सजायको आधी सजाय हुनेछ ।

१८. अपराधसित सम्बन्धित मालसामान जफत हुने : यस ऐनअन्तर्गत सजाय हुने अपराधसित सम्बन्धित सबै लागू औषध तथा त्यस्तो लागू औषध निर्माण वा उत्पादन गर्न प्रयोग गरिएका सबै माल-सामान तथा यन्त्रहरू जफत हुनेछन् र त्यस्तो लागू औषध राखी ओसार-पसार गर्न प्रयोग गरिएका रेल तथा हवाईजहाज बाहेक जुनसुकै सवारी समेत जफत हुनेछ ।

तर सो सवारी त्यस्तो अपराध गर्न प्रयोग गरिने वा गरिएको कुरा सवारीधनीलाई थाहा थिएन भन्ने कुराको प्रमाण निजले पेश गर्न सकेमा भने त्यस्तो सवारी जफत गरिने छैन ।

६३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१९. मुद्दा नचलाउने वा सजाय छूट दिने अधिकार : कसैले व्यापारिक उद्देश्य वा ठूलो परिमाणमा बाहेक निजी उपयोगीको लागि अल्प मात्रामा मात्र कुनै लागू औषध खरीद गरेको, राखेको वा सेवन गरेको फेला परेमा पहिला पटक भए औषध नियन्त्रण अधिकारीले त्यस्तो व्यक्तिको लगत राखी त्यस्तो अपराध पुनः नगर्ने कागज गराई मुद्दा नचलाउने पर्चा खडा गरी छाड्न सक्नेछ र मुद्दा चलेकोमा पनि अदालतले यस दफाबमोजिम सानो अपराध ठहराएमा त्यस्तो व्यक्तिको लगत राखी निजलाई सो अपराध पुनः नगर्ने कागज गराई पहिला पटक कुनै सजाय नगरी रिहाई दिन सक्नेछ ।

२०. पूर्व इजाजतपत्रबमोजिम बाँकी रहेको लागू औषधको स्टकसम्बन्धी विशेष व्यवस्था:– मादक पदार्थ ऐन, २०१७ र मादक पदार्थ नियमहरू, २०१९ अनुसार प्राप्त इजाजतपत्र बमोजिम यो ऐन लागू हुँदा कसैसँग बाँकी रहेको लागू औषधको स्टक तोकिएको म्यादभित्र औषध नियन्त्रण अधिकारीछेउ दाखिल गर्नु पर्नेछ ।

२१. औषध नियन्त्रण अधिकारी र औषध नियन्त्रण प्रशासनको व्यवस्था: (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि श्री ५ को सरकारले गृह पञ्चायत मन्त्रालय अन्तर्गत औषध नियन्त्रण प्रशासनको स्थापना गर्नेछ र आवश्यकतानुसार मुख्य औषध नियन्त्रण अधिकारी, एक वा बढी औषध नियन्त्रण अधिकारी, नायब औषध नियन्त्रण अधिकारी तथा अन्य अधिकारीहरू नियुक्त गर्न सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम स्थापित भएको औषध नियन्त्रण प्रशासनले यस ऐन अन्तर्गत लागू औषध नियन्त्रणसम्बन्धी काम-कारवाईको रेखदेख, नियन्त्रण, निर्देशन र समन्वय गर्नेछ ।

२२. सरकारवादी हुने: यस ऐन अन्तर्गतका मुद्दा श्री ५ को सरकारवादी हुनेछ र सो मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०१७ को अनुसूची १ मा समावेश भएको मानिनेछ ।

२३. यो ऐन प्रारम्भ हुनुभन्दा अघिको मुद्दासम्बन्धी व्यवस्था: यो ऐन प्रारम्भ हुनुभन्दा अघि तत्काल लागू रहेको नेपाल कानूनबमोजिम चलेको वा चल्ने लागू औषधसम्बन्धी मुद्दाहरूमा सोही कानून अन्तर्गत मुद्दा हेर्ने अधिकार प्राप्त अधिकारीले कारवाई र किनारा गर्नेछ ।

२४. नियम बनाउने वा आदेश जारी गर्ने अधिकार: यस ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियमहरू बनाउन वा आदेश जारी गर्न सक्नेछ ।

२५. खारेजी: मादक पदार्थ ऐन, २०१७ र मादक पदार्थ नियमहरू, २०१९ खारेज गरिएका छन् ।

लालमोहर सदर मिति:–२०३३।६।१०।१

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

638

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।